सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल


प.स.२0८0 । ८१
च.न.

**मिति २०८१/०१/११ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा**
:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. नगर प्रहरीको ड्रेस सम्बन्धमा ।
३. गाउँपालिकाको लोगो निर्माण सम्बन्धमा ।
४. वडा शिक्षा समिति गठन तथा क्रियाशिल गर्ने सम्बन्धमा ।
५. सिचाइ तथा जलाधार संरक्षण सम्बन्धी योजना सिफारीस गर्ने सम्बन्धमा ।
६. विभिन्न अध्यायन प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।
   - पञ्चवर्षिय आवधिक योजनाको अन्तिम प्रतिबेदन
   - ढोरचौर फलाटे सडक स्तरोन्नतिको DPR प्रतिबेदन ।
   - राजस्व सुधार कार्ययोजना प्रतिबेदन ।
७. अनुदान बजेट कटौति तथा योजना कार्यान्वयन सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८१ सम्वन्धमा ।
१०. विपद राहत सम्बन्धमा ।
११. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८०/१२/२३ गते बसेको गाउँ कार्यपालिकाको एघारौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ नगर प्रहरीको ड्रेस सम्बन्धमा ।**

**निर्णय नं २:**

यस गाउँपालिकामा रहेका नगर प्रहरी हरुको नगर प्रहरी संचालन तथा परिचालन सम्बन्धी कार्यविधि २०८० बमोजिम देहायको ड्रेस कोड लागु गरी पहिलो पटकको लागि कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो ।

| सि न | विवरण | Specification | संख्या |
|---|---|---|---|
| १ | चुस्ता सेट | गाडा हरियो | १ सेट |
| २ | बेल्ट | कालो नाइलन | १ थान |
| ३ | सिटिडोरी र सिटि | कालो नाइलन | १ थान |
| ४ | डि.एम.एस. सुज | कालो छाला | १ थान |
| ५ | मोजा | गाडा कालो | १ थान |

**प्रस्ताव नं ३ गाउँपालिकाको लागो सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको भौगोलिक, प्राकृतिक, सामाजिक तथा साँस्कृतिक पहिचान झल्किने छुट्टै लोगो बनाउनका लागि प्रस्ताव आवहान गर्ने र देहायको मुल्याङकन समितिले छनौट गरेको उत्कृष्ट लोगो गाउँपालिकाको लोगोका रुपमा लागु गर्ने निर्णय गरियो ।साथै उत्कृष्ट लोगो निर्माण गर्नेलाई सम्मान स्वरुप प्रमाणपत्र सहित रु १५००० नगद प्रदान गर्ने निर्णय गरियो ।

***लोगो मुल्याङकन समिति***

प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्का -संयोजक

शिक्षा अधिकृत श्री प्रतिभा वली -सदस्य

सुचना प्रविधि अधिकृत श्री भिमलाल भण्डारी–सदस्य

**प्रस्ताव नं ४ वडा शिक्षा समिति गठन तथा क्रियाशिल गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४:**

वडा तहमा विद्यालयको शैक्षिक गतिविधिहरुलाई नियन्त्रण निर्देशन तथा व्यवस्थापन गर्नका लागि सिद्ध कुमाख गाउँपालिकाको शिक्षा ऐन तथा नियामावलीमा निर्देशित वडा शिक्षा समिति गठन गरि क्रियाशिल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ सिचाइ तथा जलाधार संरक्षण सम्बन्धी योजना सिफारीस सम्बन्धमा ।**

**निर्णय नं ५:**

डिभिजन जलाधार व्यवस्थापन कार्यालयको मिति २०८१।०१।०३ को प्राप्त पत्रानुसार आगामी आव २०८१।८२ का लागि कार्यान्वयन हुने तपसिलका सिचाइ तथा जलाधार संरक्षण सम्बन्धी योजना सिफारिस गरि पठाउने निर्णय गरियो ।

| सि न | योजनाको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | काजिका बगर तटबन्धन योजना | ४० लाख | वडा नं १ |
| २ | सिमलतरी सिचाई कुलो तटबन्धन योजना | ४० लाख | वडा नं १ |
| ३ | शारदा नदी रानीसेला तटबन्धन योजना | २५ लाख | वडा नं १ |
| ४ | दशपाते रहदेखि काफ्लेरह हुदै मसानघाटसम्म तटबन्धन योजना | ५० लाख | वडा नं ३ |
| ५ | खार्वन जिउला तटबन्धन योजना | ५० लाख | वडा नं ४ |
| ६ | बेतखोला बारमासे तटबन्धन योजना | २० लाख | वडा नं ५ |
| ७ | छापडाँडा बृक्षारोपन कार्यक्रम | १० लाख | वडा नं ५ |
| ८ | जुम्लेधारा खानेपानी संरक्षण | १५ लाख | वडा नं २ |

**प्रस्ताव नं ६** विभिन्न अध्यायन प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं ६:**

गाउँपालिकाको चालु आवको कार्यक्रम अनुसार पुँजिगत अनुसन्धान तथा परामर्श अन्तरगत परामर्श दाताबाट तयार गरिएका तपसिलका अध्यान प्रतिबेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- पञ्चवर्षिय आवधिक योजनाको अन्तिम प्रतिबेदन ।
- ढोरचौर फलाटे सडक स्तरोन्नतिको DPR प्रतिबेदन ।
- राजस्व सुधार कार्ययोजना प्रतिबेदन ।

**प्रस्ताव नं ७ अनुदान बजेट कटौति तथा योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं ७:**

चालु आर्थिक वर्षमा नेपाल सरकार समानीकरण अनुदान तथा राजस्व बाँडफाँड बापतको रकम अनुमान गरे अनुसार प्राप्त नहुने सम्भावना देखिएकोले बार्षिक बजेट तथा कार्यक्रम अनुसार समयमा सम्पन्न भएका योजनाहरुको क्रमश भुक्तानी दिने, कार्यान्वयन हुन नसक्ने योजनाको निर्माण प्रकृया रोक्ने र रकम अभावका कारण भुक्तानी दिन नसकिने योजनाहरु अर्को वर्षको योजनामा क्रमश भुक्तानीको व्यवस्था मिलाउदै जाने निर्णय गरियो।

**प्रस्ताव नं ८ आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | कालु बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | घर आगलागी भइ पुर्ण क्षति | रु १५ हजार |
| २ | कोटली बुढाथोकी | सिद्ध कुमाख २ सल्यान | गोठ आगलागी भइ पुर्ण क्षतर् | रु ७ हजार |
| ३ | शोभाराम गिरी | सिद्ध कुमाख ३ सल्यान | क्यान्सरका कारण मृत्यू भएको | रु १० हजार |

**प्रस्ताव नं ९ खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८१ सम्वन्धमा ।**

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८१ बनाउनको लागि सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १० विपद राहत सम्बन्धमा ।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिका वडा नं १ कुखुरेखोर टोल स्थित छरीखोला सामुदायिक बनमा आगलागी हुदाँ खानेपानीका पाइपमा ठुलो क्षति भइ खानेपानी आपुर्तिमा समस्या भएको निवेदन प्राप्त भएकोले उक्त क्षेत्रमा तत्काल प्राविधिक र जनप्रतिनिधि खटाइ क्षतिको विवरण र लागत अनुमान तयार गरी सोको आधारमा राहत प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ विविध सम्बन्धमा ।**

**निर्णय नं ११:**

सिद्ध कुमाख गाउँ शिक्षा समितिको मिति २०८१।०१।०९ गते बसेको बैठकको निर्णयहरु सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।